# विज्ञप्ति

हरियो तरकारी र कुखुराको मासुमा अत्यधिक मुल्य बृद्धि भएको तथा LP Gas को तौल एवम् गुणस्तरका सम्बन्धमा प्राप्त गुनासो र चासो सम्बोधन गर्न २०७८ वैशाख १२, १३, १४ र १५ गते मूल्य, परिमाण एवम् गुणस्तर केन्द्रित भइ पृथ्वी राजमार्ग अन्तर्गत धादिङ जिल्लाको धुनिबेसी, नौविसे देखि चितवनको मुग्लिङ्ग बजारसम्मका निजि तथा सहकारी तरकारी संकलन केन्द्र मार्फत हुने हरियो तरकारीको कारोबार; LP Gas Refilling उद्योगहरु र चितवनका कुखुराको दाना उत्पादक उद्योगहरु, ह्याचरी उद्योग, कुखुरा पालन समेतको अनुगमन गरिएकोमा प्रारम्भिक अध्ययनबाट निम्न अवस्था देखियो ।

- हरियो तरकारीको उत्पादन पर्याप्त रहेको,
- संकलन केन्द्रहरू व्यवस्थित नभएको:- शित भण्डार नभएको, संकलन केन्द्र तरकारी उत्पादक किसान र खरिदकर्ता व्यापारी भेट हुने स्थलको रूपमा मात्र रहेको, भेटघाट स्थल संचालन गरे वापत तिर्नुपर्ने रकमले मुल्य बृद्धी गर्नमा प्रभाव पारेको,
- किसानले उत्पादन गरेको तरकारी सहकारी वा निजी क्षेत्रले संकलन वा बिक्री वितरण गर्ने गरेको पाइयो,
- एकै किसिमको उत्पादनको मुल्यमा संकलन केन्द्र पिच्छे खरिद वा विक्रिमा फरक फरक मुल्य रहेको पाइयो,
- किसान वा उनका प्रतिनिधिको काठमाण्डौको कालिमाटी लगायतका थोक बजारसम्मको पहुँच नरहेको, धेरै व्यापारिक तह पार गरेर मात्र किसानले उत्पादन गरेको तरकारी उपभोक्ता सम्म पुग्ने गरेको,
- धेरै तहमा खरिद बिक्रीको कारोबार हुने हुनाले मुल्य बृद्धी हुँदै गएको संकलकहरुको भनाई रहेको,
- उत्पादक/किसानले पाउने मुल्य एकिन नभएको, उत्पादक देखी उपभोक्ता सम्मको मुल्य विच ठुलो अन्तर रहेको,
- तरकारी खरिद विक्रीको कारोबारको बिल बिजक (कानून सम्मत) जारि हुने नगरेको,
- LP Gas को उत्पादन/ Refilling को कार्य सुचारू भइरहेको र तोकिए बमोजिमको परिमाणमा filling भइरहेको पाइयो,

- वस्तुको संवेदनशिलताका कारण LP Gas उत्पादन तथा बिक्री वितरणको कार्यलाई थप सुरक्षित र व्यवस्थित बनाउन निर्देशन दिइयो,
- चितवन जिल्लाका विभिन्न दाना उत्पादक, ह्याचरी, कुखुरा पालन समेत ९ वटा उद्योगको अनुगमन गरियो,
- कुखुराको अण्डा, चल्ला, मासु, दाना उत्पादक समुहका भिन्न भिन्न व्यवसायिक छाता संगठन (Association) रहेका र अधिकांश व्यवसायीहरू २ वा सो भन्दा वढी किसिमका व्यवसाय संचालन गर्ने र तत् तत् Associations मा आबद्ध रहेको पाइयो । यस्तो अवस्थाले यो व्यवसायमा सिमित व्यवसायीहरूको भूमिका निर्णायक रहेको देखिन्छ । व्यवसायीहरुले एकआपसमा आरोप प्रत्यारोप गर्ने गरेबाट उनिहरू विच स्वच्छ प्रतिस्पर्धा समेत नरहेको कुरा पुष्टी हुन्छ । यस्तो अवस्थाले स्वच्छ बजार कायम गर्न नकरात्मक प्रभाव पार्ने देखिन्छ ।
- अधिकांश व्यवसायिक कम्पनीहरू तथा तिनका छाता संगठनको website नै नभएको तथा कारोबारको अभिलेख Digitalize नभएको हुँदा व्यापारिक कारोबार पारदर्शि हुन नसकेको पाइयो । अनुगमन टोलीले उद्योगको व्यापारिक कारोबारको विवरण माग गर्दा स्थलगत रूपमा त्यस्तो विवरण उपलब्ध गराउन सकेको पाइएन ।
- स्थलगत रूपमा विवरण उपलब्ध गराउन नसकेका उद्योग/व्यवसायहरूलाई ३ दिन भित्र व्यापारिक कारोबार सम्बन्धी सम्पुर्ण विवरण पेश गर्न निर्देशन दिईएको छ ।माग गरिएको विवरण प्राप्त भए पश्चात विवरण विश्लेषण गरी कसुरका आधारमा कानून बमोजिम कारवाही हुने व्यहोरा सरोकारवाला सबैको जानकारीका लागी अनुरोध छ ।

**प्रवक्ता**

**वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**

२०७८।०९।१६